प्रतिदिन १८औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०




# बैंक खाता नखोली चुनावमा खर्च गर्ने २५ उम्मेदवारहरु

झापा, फागुन ६ । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापाका ५ निर्वाचन क्षेत्रमा गरी ९० जना उम्मेदवारले मनोनयन दर्ता गरे पनि हालसम्म ६५ जनाले मात्र निर्वाचनलक्षित बैंक खाता खोलेका छन् । निर्वाचन आयोगले उम्मेदवारले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थाबाहेक अन्य माध्यमबाट खर्च गर्न, गराउन नहुने भनी राजनीतिक दललाई निर्देशन दिएको थियो । निर्वाचन आचारसंहितामै उक्त विषय उल्लेख गरिए पनि २५ जना उम्मेदवारले बैंक खाता खोलेका छैनन् ।

दिनका दिन ताकेता गरिरहेपनि बुधवारसम्म ६५ जनाले मात्र बैंक खाता खोलेको झापाका निर्वाचन अधिकारी तुलसीकुमार नेपालले जानकारी दिए । उनले ठूला दलका उम्मेदवारहरुले बैंक खाता खोलिसकेको बताउँदै साना दलका उम्मेदवारहरुले खोल्न बाँकी रहेको जानकारी दिए । बैंक खाता




नखोली चुनावमा खर्च गर्नेहरुमा झापा क्षेत्र नं १ मा स्वतन्त्र उम्मेदवार दुर्गाप्रसाद साँवा लिम्बू,नेपाल मजदुर किसान पार्टीका हिरण्यप्रसाद भट्टराई,नेपाल जनमुक्ति पार्टीका खान्द्र करुवा,उज्यालो नेपाल पार्टीका नरेशकुमार लावती,स्वतन्त्र उम्मेदवार गणेशकुमार खरेल , झापा क्षेत्र नं २ मा नेपाल मजदुर किसान पार्टीका चन्द्रकुमारी गारु ,नेपाल जनमुक्ति पार्टीका मानबहादुर पुलामी मगर,उज्यालो नेपाल पार्टीका चुडा कर्ण बेघा , झापा क्षेत्र नं ३ मा नेपाल मजदुर किसान पार्टीका धर्म लक्ष्मी दुवाल (लघु) ,नेपाली कम्युनिष्ट पार्टीका डिल्लीराम घिमिरे ,श्रम संस्कृति पार्टीका दिपक तिम्सिना ,संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका चन्द्रकला साँवा , झापा क्षेत्र नं ४ मा नेपाल मजदुर किसान पार्टीका तुल्सी लक्ष्मी दुमरु (बाटी) ,नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)का टेकबहादुर अधिकारी ,स्वतन्त्र उम्मेदवार साजन माझी ,श्रम संस्कृति पार्टीका अमृतादेवी राई , झापा क्षेत्र नं ५ मा स्वतन्त्र उम्मेदवारहरु डम्वर शाहु खेमनाथ शिवाकोटी , मातृका भट्टराई , शोभा भण्डारी ,प्रकाश नेपाल , अर्जुन सापकोटा , विपुल गुरागाई ,पुस्कर खतिवडा र श्रम संस्कृति पार्टीका समिर तामाङ रहेका छन् । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन प्रयोजनका लागि २५ हजार रुपैयाँ भन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा वा खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्ने भनी आइतबार फेरि विज्ञप्तिमार्फत ध्यानाकर्षण गराएका थिए ।

आयोगले आदेश दिएमा खर्चको बिल भरपाई तथा बैंक वा वित्तीय संस्थामा रहेको खाताको विवरण तथा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेस गर्नुपर्ने पनि उनले जानकारी दिए । भूगोलअनुसार उम्मेदवारले २५ लाख रुपैयाँदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ ।

## झापा ५ मा सबैभन्दा बढी मतदानकेन्द्रहरु अति संवेदनशील

झापा, फागुन ६ । एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाह प्रतिष्पर्धी रहेको झापा ५ मा सबैभन्दा बढी मतदानकेन्द्रहरु सुरक्षाका दृष्टिकोणले अति संवेदनशील रहेका छन् ।

झापामा जम्मा २८५ वटा मतदानस्थल र ८१५ वटा मतदानकेन्द्रहरु तोकिएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लामा मतदातालाई भयरहित बनाउन सुरक्षा निकायले मतदानस्थल र मतदानकेन्द्रको तीन तहमा वर्गीकरण गरेको छ । प्रमुख जिल्ला अधिकारी शिवलाल गेलालले जिल्लाका ९५ वटा मतदानस्थललाई अति संवेदनशीलका रुपमा राखिएको बताए । जिल्लामा रहेका २८५ मतदानस्थलमध्ये १४७ संवेदनशील र ४३ वटा मतदानस्थल सामान्य रहेको उनले जानकारी दिए ।

जिल्लाका २८५ मतदानस्थल र ८१५ वटा मतदानकेन्द्रमध्ये ९५ वटा मतदानस्थल र २८६ वटा मतदानकेन्द्र अति संवेदनशील रहेका हुन् । झापा क्षेत्र नं १ मा १६ वटा मतदानस्थल र ५४ वटा मतदानकेन्द्र , क्षेत्र नं २ मा १६ वटा मतदानस्थल र ५५ वटा मतदानकेन्द्र , क्षेत्र नं ३ मा १९ वटा मतदानस्थल र ४० वटा मतदानकेन्द्र , क्षेत्र नं ४ मा २५ वटा मतदानस्थल र ६७ वटा मतदानकेन्द्र तथा क्षेत्र नं ५ मा सबैभन्दा बढी १९ वटा मतदानस्थल र ७० वटा मतदानकेन्द्र अति संवेदनशील रहेको सुरक्षा स्रोतले जनाएको छ ।झापा ५ को दमकमा ९ वटा , गौरादहमा ३ वटा , कमलमा ७ वटा र गौरीगंजमा एउटा मतदानस्थल अति संवेदनशील रहेका छन् ।

## काठमाडौं उपत्यकाको वायु प्रदूषण घट्यो

काठमाडौं । काठमाडौं उपत्यकामा आज वायु प्रदूषणमा उल्लेख्य कमी आएको छ । ग्याल्पो ल्होसारका अवसरमा सार्वजनिक बिदा भएका कारण सवारी साधन आवागमन कम भएसँगै वायू प्रदूषण घटेको हो ।

मंगलबार दिउँसो १३:०० बजेसम्म उपत्यकाको वायु गुणस्तर सूचकाङ्क (एक्युआई) १९१ पुगेको थियो भने बुधवार सोही समयमा घटेर ११४ मा झरेको छ । एयर क्वालिटी इन्डेक्स (एक्युआई) का अनुसार मङ्गलबार काठमाडौं विश्वकै तेस्रो प्रदूषित सहर भएको थियो । आज भने काठमाडौं १४औं स्थानमा झरेको छ । हाल पाकिस्तानको लाहोर १९३ एक्युआईसहित पहिलो र सेनेगलको राजधानी डकार १९२ एक्युआईसहित दोस्रो स्थानमा रहेका छन् ।

वातावरणविद् भुषण तुलाधारका अनुसार वायु प्रदूषण बढ्नुमा यातायात क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । 'सवारीसाधनको धुवाँले प्रत्यक्ष रूपमा प्रदूषण बढाउँछ । गत १ माघदेखि ईंटाभट्टा सञ्चालनमा आएका छन्, जसबाट निस्कने धुवाँ र धुलो पनि प्रदूषणको अर्को कारण हो,' उनले भने ।

उनका अनुसार फोहोर जलाउने प्रवृत्ति र डढेलोको मौसम सुरू हुनुले पनि प्रदूषण बढ्ने जोखिम हुन्छ । त्यसैले समयमै पूर्वतयारी, पातपतिङ्गर व्यवस्थापन, डढेलो नियन्त्रण तथा सवारी साधनको धुवाँ परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको तुलधारको सुझाव छ ।

# महिलालाई गाउँमै स्वरोजगार

• लक्ष्मी उप्रेती

मेचीनगर । झापा मेचीनगरमा –४ मा रहेका सुपारी प्रशोधन केन्द्रले यहाँका अधिकाँश महिलाहरुलाई रोजगारी दिएका छन् । केन्द्रले महिलालाई मात्र नभएर हातमा सीप भएका दक्ष जनशक्तिलाई समेत रोजगारीको अवसर प्रदान गरेको हो । बाहुडाँगीका महिला गाउँमै व्यस्त छन् 'मेहनत गर्नसके गाउँमै रोजगारी सृजना गर्न सकिन्छ' भन्ने सन्देश समेत यहाँका महिलाले दिएका छन् ।

यहाँका महिला प्रत्यक्ष रूपमा रोजगारसँग जोडिएका छन् । अन्य पेसा, व्यवसाय र रोजगारी नभएका कारण सुपारी प्रशोधन केन्द्रको रोजगार ीसँग जोडिने महिलाको संख्या निक्कै रहेको केन्द्र सञ्चालकले जनाएका छन् । सुपारी प्रशोधन केन्द्र स्थापनापछि रोजगारीसँग प्रत्यक्ष रूपमा जोडिएका कारण पछिल्लो समय महिलाको मुख्य आम्दानीको स्रोत समेत यही रोजगार बनेको स्थानीय शान्ति कार्कीको भनाई छ ।

महिलाहरु काँचो सुपारी (सिजरिङ्) काट्ने तथा पुरुष कामदारहरु काटिसकेको सुपारीलाई पकाउने तथा सुकाउने काममा दक्ष रहेका छन् । सुपारीलाई व्यवसायीकरण गर्दै रोजगारी सिर्जना गर्ने उद्देश्यले



जिल्लाका थुप्रै ठाउँमा सुपारी प्रशोधन उद्योग तथा खरीद विक्री केन्द्र सञ्चालनमा रहेको मेचीनगर –४ बाहुनडाँगीस्थित कार्की सुपारी प्रशोधन खरीद विक्री केन्द्रका सञ्चालक शम्भु कार्कीले बताए ।

उनको केन्द्रमा मात्र ३२ देखि ३५ जना महिलाले काँचो सुपारी (सिजरिङ्) काट्ने काम गर्ने गरेका छन् । त्यही कामबाट गाउँका महिलाहरुले हजारौं रुपैयाँ आम्दानी गरिरहेको कार्कीले बताए । आफ्नै घर आँगनमै रोजगारीको अवसर मिलेका कारण उनीहरु समेत खुशी छन् । काँचो सुपारी काटेवापत ती महिलाले प्रतिकेजी १४ रुपैयाँका दरले पाउने गरेका छन् । एकजना महिलाले दैनिक ५० देखि ६५ केजीसम्म काँचो सुपारी काट्छन् । त्यसवापत दैनिक सात सयदेखि नौ सय रुपैयाँसम्म आम्दानी गर्ने गरेको कार्कीको भनाई छ ।

महिलालाई उत्पादनमूलक उद्योगसँग जोडेर आत्मनिर्भर बनाउन यहाँका सुपारी प्रशोधन प्रशोधन केन्द्रहरुले महिलाको क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने किसिमका काम गरिरहेका छन् ।'महिलालाई हरेक कुरामा सहज भएको छ, सिप अनुसारको गाउँघरमै रोजगारी पाइन्छ,' कार्कीले भनिन् । महिलाहरु काँचो सुपारी काटेरै प्राप्त रकमबाट घरखर्चलगायत छोरीछोरालाई विद्यालयमा शिक्षा दिलाइरहेका छन् । यो कामबाट मासिक २० देखि ३५ हजार रुपैयाँसम्म महिलाहरुले आम्दानी गर्ने गरेका छन् । जसका कारण बालबच्चाको खर्च र घरखर्च चलाउन सहज भएको छ ।

किसानले लगाएको काँचो सुपारी उद्योगीहरुले बगानमा पुगेरै खरिद गर्ने गरेका छन् । सवैति खरिद गरेको सुपारी संकलन गरेर उद्योगमा ल्याएर सुपारी काट्ने काम हुन्छ । त्यस काममा भने अधिकाँश महिला नै सहभागी छन् । पुरुष कामदारले भने सुपारी पकाउने, सुकाउने र उठाउने काम गर्दछन् । कार्कीको खरिद विक्री केन्द्रमा यस्तो काम गर्ने तीन जना कामदार छन् । उनीहरुले मासिक न्यूनतम २० हजारदेखि २८ हजार रुपैयाँसम्म पारीश्रमिक पाउने कार्कीको भनाई छ ।

बाहुनडाँगीमा कौशल चौहान र रजत कार्कीको संयुक्त लगानीमा काव्य सुपारी प्रशोधन केन्द्र समेत सञ्चालनमा छ। त्यस केन्द्रबाट समेत थुप्रैले रोजगारी पाएका छन् । झापा मोरङ सुनसरीलगायतका जिल्लाबाट पनि उद्योगीले काँचो सुपारी संकलन गर्ने गरेको प्रशोधन केन्द्रका सञ्चालकहरुको भनाई छ । झापाको दमक, बिर्तामोड, शिवसताक्षी, बेलडाँगी, काँकरभिट्टा, धुलावारी, भद्रपुरलगायतका स्थानमा पनि उद्योगीहरुले किसानका सुपारी संकलन गर्ने कार्यलाई तीव्र पारेका छन् । उद्योगीले काँचो सुपारी बोक्रैसँग जोखेर प्रतिकिलो ६० देखि ७० रुपैयाँका दरले भुक्तानी दिँदै आएका छन् । तर, बगानबाट उद्योगसम्म आइपुग्दा प्रतिकेजी ८० देखि ९५ रुपैयाँसम्म पर्छ । 'किसानको बगानमा गएर खरिद गर्दा काँचो सुपारी प्रतिकेजी ५५ देखि ६० रुपैयाँ पर्छ' कार्की सुपारी प्रशोधन खरीद विक्री केन्द्रका सञ्चालक शम्भु कार्कीले भने, बगानबाट उद्योगसम्म आइपुग्दा ढुवानी, झार्ने मजदुरको खर्च जोड्दा प्रतिकेजी ८० देखि ९५ रुपैयाँसम्म पर्न जान्छ । '

यहाँका प्रशोधन केन्द्रले तयारी सुपारी काँकरभिट्टा इटाभट्टालगायतका पसलमा विक्री गर्ने गरेका छन् । 'धरान, इटहरी, बराहक्षेत्र, इनरुवा, रामधुनी, दुहबीलगायतका स्थानमा किसानले उत्पादन गरेको काँचो सुपारी बोटमै गएर संकलन गर्ने गरिएको छ' कार्कीले भने, विदेशी सुपारीका कारण स्वदेशी सुपारीले उचित मूल्य पाएनन् ।' स्वदेशी सुपारीले उचित मूल्य नपाएको किसानको गुनासो छ । सरकारले निर्यातलाई भन्दा आयातलाई प्राथमिकतामा राखेकाले स्वदेशी सुपारीले उचित मूल्य नपाएको आरोप किसानको छ । नेपालमा सुपारी खेतीको विस्तारमा सरकारले चासो देखाए पनि निर्यातलाई सहज नबनाउँदा किसान समस्यामा परेको आरोप छ ।

'काँचो सुपारी काट्ने काम महिलाहरुको आम्दानीको मुख्य स्रोत हो' स्थानीय रञ्जना कट्वालले भनिन् 'यसैबाट प्राप्त रकमले हाम्रो घरखर्च चल्ने गरेको छ ।' कार्की र कट्वाल त प्रतिनिधि पात्र मात्र हुन । दीपा खड्का, गीता कोइराला शान्ति कार्कीलगायतका थुप्रै महिलाले यहि कामबाट हजारौं रुपैयाँ कमाउने गरेका छन् । 'मेहतन गरे गाउँमै बसेर पनि मनग्य आम्दानी गर्न सकिन्छ ।' स्थानीय कमला भुजेलले भनिन् । आफ्नै ठाउँमा बसेर मासिक २० हजार रूपैयाँ कमाउन पाउँदा भुजेल दंग छन् । अहिले बाहुनडाँगीका दर्जनौ महिला गाउँमै नङ्गा खियाएर स्वरोजगार वन्दैछन् । महिलालाई रोजगार र उद्योगसँग जोड्न सकियो भने मात्र नेपाललाई विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्न सकिने प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का लागि झापा निर्वाचन क्षेत्र नम्बर १ बाट नेकपा एमालेका उम्मेद्वार बनेका रामचन्द्र उप्रेतीले बताए । बुधबार उम्मेद्वार उप्रेतीले ती प्रशोधन केन्द्रमा कार्यरत कामदारसँग मतसम्म मागे ।

'महिलालाई रोजगारसँग जोड्न आवश्यक छ' नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि (एनएमसी)का संस्थापक अध्यक्ष समेत रहेका उप्रेतीले भने, 'जबसम्म सम्पूर्ण महिला रोजगारसँग जोडिँदैन तबसम्म समृद्धिको लक्ष्य भेटाउन सकिदैन ।' महिलाहरू घरको चुल्होचौकाबाट बाहिर निस्केर अहिले उद्योग, निर्माण, हस्तकला


❖ बाँकी पृष्ठ ४ मा


## बिर्तामोडको सुधार केन्द्रमा महिलाको मृत्यु

झापा, फागुन ६ । बिर्तामोडको सुधार केन्द्रमा राखिएकी एक महिलाको मृत्यु भएको छ । अर्जुनधारा-११ स्थित क्षितिज महिला विकास सुधार केन्द्रमा राखिएकी शिवसताक्षी -१० माईधार बस्ने बर्ष-३२ की सुष्मा लिम्बूको मृत्यु भएको हो । मंगलवार बिहान ९.१५ बजे अचानक पेट दुखेर उपचारको लागि बीएण्डसी अस्पतालमा ल्याई उपचार गराउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । लिम्बूलाई अल्कोहिक भइ फागुन ३ गतेदेखि त्यहाँ राखिएको थियो । इलाका प्रहरी कार्यालय बिर्तामोडबाट टोली खटिएर अनुसन्धान भइरहेको जनाइएको छ । मंगलवार साँझ कानुनी प्रकृया पुरा गरी शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल पठाइएको छ ।




## घरघरमा पुग्न उम्मेदवार र नेतालाई ओलीको निर्देशन

झापा । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जनताको घर घर पुग्न पार्टीका उम्मेदवारलाई निर्देशन दिएका छन् । फागुन २१ मा घोषित निर्वाचनको मिति नजिकिँदै गर्दा एमाले अध्यक्ष ओलीले पार्टीका मूलभूत एजेन्डा लिएर जनताको घरघरमा पुग्न सबै उम्मेदवार र नेतालाई निर्देशन दिएका हुन् ।

काठमाडौं फर्किने क्रममा झापाको बिर्तामोडस्थित होटल हेभनमा बोलाएर एमाले अध्यक्ष ओलीले जनस्तरमा रहेका भ्रम चिर्ने गरी जनताका घरमा पुग्न उम्मेदवार र अगुवा नेता कार्यकर्तालाई निर्देशन दिएका थिए । उम्मेदवार र अगुवा नेता कार्यकर्ताको छलफलमा सहभागी झापा क्षेत्र नम्बर ४ निर्वाचन परिचालन कमिटीका संयोजक मनोज ताम्लीले परिणाम निकाल्ने गरी लाग्न अध्यक्ष ओलीले निर्देशन दिएको बताए ।

'सबै नेता कार्यकर्ता परिणाम निकाल्ने गरी निर्वाचनमा खटिनुपर्छ', अध्यक्ष ओलीको भनाइ उल्लेख गर्दै संयोजक ताम्लीले भने, 'जनस्तरमा रहेका भ्रम चिर्न जनताका घर-घरमा पुग्न पनि उहाँको विशेष निर्देशन छ ।'



छलफलमा झापाका सबै क्षेत्रका उम्मेदवारको सहभागिता रहेको थियो । यसबाहेक निर्वाचन परिचालन कमिटीका संयोजकहरू पनि अध्यक्ष ओलीसँगको छलफलमा सहभागी थिए ।

उनीहरूले निर्वाचन परिचालनका विषयमा भइरहेको प्रगतिका विषयमा अध्यक्ष ओलीलाई रिपोर्टिङ गरेका छन् ।

अध्यक्ष ओलीसँगको छलफलमा उम्मेदवार हरूले सामाजिक सञ्जालमा देखिए जस्तो अरु कुनै पार्टीको पक्षमा जनमत नरहेको प्रतिक्रिया दिएका छन् ।

चुनावी प्रचार अभियानका सिलसिलामा भएका नियमित भेटघाट र बैठकहरूमा समेत मतदाताले एमालेको पक्षमा खुलेर समर्थन गरेको र त्यसबाट सकारात्मक परिणाम प्राप्त हुने उम्मेदवारहरूको विश्वास छ ।


**श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

बिर्तामोड -५

**कर्मचारी आवश्यकता**

श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५ लाई एक जना फिल्ड कर्मचारी (बजार प्रतिनिधि) आवश्यकता परेको हुँदा मिति २०८२/११/२२ गतेभित्र आवश्यक कागजपत्रसहित कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ ।

**आवश्यक कागजपत्र**

१. हस्तलिखित निवेदन
२. नागरिकताको प्रतिलिपि
३. एक थान फोटो
४. शैक्षिक योग्यता- एईई वा सो सरह
५. निवेदन दस्तुर- रु ५०० मात्र

चन्द्रप्रसाद काफ्ले
अध्यक्ष
श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड ५, अग्रसेन भवन जाने बाटो छेउ, शनिश्चरे रोड, बुद्धमार्ग
सम्पर्क न. ९८०१४४९५३३,९८०१४४९३८९

# आदिवासी र चिया श्रमिकसंग कांग्रेस उम्मेदवार

बिर्ताबजार,फागुन ६ । नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं-२ प्रत्यक्षतर्फका उम्मेद्वार सरिता प्रसाईले मुलुकको समृद्धि, सुशासन र भ्रष्टाचारमुक्त नेपाल बनाउनका लागि नेपाली कांग्रेसलाई ठूलो पार्टी बनाउन मतदातासमक्ष अपिल गरेकी छन् । नेपाल लोकतन्त्रवादी आदिवासी/जनजाति महासंघ बिर्तामोड नगर समितिद्वारा बिर्तामोड-३, बुद्धनगरमा आयोजित उम्मेद्वारसँग साक्षात्कार कार्यक्रममा बोल्दै प्रसाईले यस्तो अपिल गरेकी हुन् ।

कार्यक्रममा आदिवासी/जनजाति महासंघप्रति कांग्रेसको ठूलो भरोसा रहेको बताउँदै उनले आदिवासी/जनजातिहरुले आफ्नो देशको रक्षा गर्नुका साथै शान्ति सेनाको रुपमा विभिन्न देशमा गएर विदेशीहरुको पनि देश जोगाइदिएको र देश बिदेशमा नेपालको परिचय गराएको स्मरण गरिन्।

कार्यक्रममा नेपाली कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापाले जल,जमिन र जङ्गलसंग आदिवासी नाता युगौंदेखि रहेको बताउँदै उनीहरु नै यो भूमिको वास्तविक अधिकारी भएको बताए । नेपालमा आदिवासी जनजातिहरुको अधिकारको संरक्षण नेपाली कांग्रेसले गरेको बताउँदै उनले आदिवासी जनजातिसँग नेपाली कांग्रेसको गहिरो सम्बन्ध र अपनत्व रहेको धारणा राखे ।

नेपाली कांग्रेस नीति र नेतृत्व परिवर्तन गरेर जनतामाझ आएको धारणा राख्दै उनले नवीन ऊर्जा लिएर आएको काङ्गेसलाई पहिलो पार्टी बनाउन सबैलाई आह्वान गरे ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ बिर्तामोड नगर समितिका सभापति आनन्द गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस महासमिति सदस्य जलकुमार गुरुङ, झापा सचिव कृष्ण हुमागाई, जिल्ला सदस्यहरु प्रकाश शिवाकोटी, दीपक तामाङ, धर्म लक्सम्बा, उर्मिला ढकाल




पोखरेल, यज्ञप्रताप अधिकारी, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनाली, समानुपातिक उम्मेद्वार मनुमाया विश्वकर्मा, राधा सुब्बा, सिता पौडेल, भुमादेवी घिमिरे, लक्ष्मीप्रसाद आचार्य, भोजराज सिटौला, सूर्य कन्दङवा, दुर्योधन गुरुङ, सजेश शिवाकोटी, निर्मला गुरुङ, लक्ष्मी मादेन, राम राजवंशीलगायतले आ-आफ्ना धारणा राखेका थिए । लवकुमार चौधरीले स्वागत गरेको कार्यक्रमको सञ्चालन दिनेश श्रेष्ठले गरेका थिए ।

यसैबीच नेपाल ट्रेड युनियन कांग्रेस झापाले पनि उम्मेद्वारसँग साक्षात्कार कार्यक्रम सम्पन्न गरेको छ । नेपाली कांग्रेस जिल्ला पार्टी कार्यालयमा आयोजित कार्यक्रममा ट्रेड युनियन कांग्रेसमा आबद्ध २० भन्दा बढी संस्थाका अध्यक्ष तथा पदाधिकारी, चिया वगान श्रमिक संघसँग आबद्ध पदाधिकारी एवं सदस्यहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै झापा क्षेत्र नं-२ मा नेपाली कांग्रेसको तर्फबाट प्रत्यक्षतर्फका उम्मेद्वार सरिता प्रसाईंले श्रमिकहरुको अधिकार रक्षा, सामाजिक सुरक्षा, वेतन बृत्ति सुधारका लागि नेपाली कांग्रेसले थुप्रै काम गरेको बताउँदै श्रमीकहरुको जीवनस्तर सुधार कांग्रेसको मूल लक्ष्य रहेको बताइन् । श्रमीकहरुको जीवनस्तर सुधारपछि मात्रै मुलुकमा समृद्धि आउने उनको भनाई थियो ।

नेपाल चिया बगान श्रमिक संघका केन्द्रीय अध्यक्ष दीपक तामाङले निर्धक्क भएर रुख चिन्हमा मतदान गर्न श्रमिकहरुलाई आग्रह गर्दै मजदुरको अधिकार रक्षाका लागि नीति निर्माण गर्न कांग्रेसले महत्वपूर्ण भूमिका खेलेको बताए ।

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष यज्ञप्रताप अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, नेपाली कांग्रेस झापा सचिव कृष्ण हुमागाई, २ नम्बर क्षेत्रीय सभापति खगेन्द्र मैनालीलगायतले बोलेका थिए । कार्यक्रममा सुरेश खतिवडा, चिरञ्जीवी भट्टराई, लोकनाथ चापागाईलगायतले सहभागीहरुका तर्फबाट सुझाव राख्दै सामाजिक सञ्जालमार्फत प्रचार-प्रसार बढाउन, पार्टीले गरेका कामबारे आम मतदातालाई जानकारी दिन आग्रह गरेका थिए ।

कार्यक्रमको सहजीकरण ट्रेड युनियन कांग्रेस झापाका सचिव जीवन खड्काले गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिएका छन् ।

# स्वास्थ्यकर्मीलाई लामो बिदा नबस्न सूचना

काठमाडौँ । आगामी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनको समय नजिकिदै जाँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरको र्‍यापिड रेस्पन्स टिमलाई सक्रिय बनाएको छ।

निर्वाचन नजिकिदै जाँदा हुनसक्ने स्वास्थ्य क्षेत्रको जोखिमलाई मद्देनजर राख्दै सबै स्थानीय तह, प्रदेश र ठूला अस्पतालहरुको आकस्मिक स्वास्थ्य सेवाका साथै यी संस्थामा रहेका र्‍यापिड रेस्पन्स टिमलाई सक्रिय बनाउन थालेको हो।

स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ प्रमुख समेत रहेका मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने ' आकस्मिक स्वास्थ्य सेवाका लागि हाम्रा स्वास्थ्यका संरचनाहरू प्रायः सधै अलर्ट हुन्छन् नै, अब चुनाव जस्तो विशेष समयमा हुनसक्ने आकस्मिक दुर्घटनाहरूलाई मद्देनजर राख्दै हामीले देशभरका स्थानीय तहदेखि ठूला अस्पतालहरूको देशभरको र्‍यापिड रेस्पन्स टिमलाई सक्रिय रहन निर्देशन दिएका छौँ भने नियमित सेवा दिने एम्बुलेन्स बाहेयक हाम्रो संरचनामा रहेका केही एम्बुलेन्सलाई तयारी राख्ने निर्णय गरेका छौं।'

यस्तै आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरू देशभर पुर्‍याउन हाल स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ र स्वास्थ्य सेवा विभागअन्तर्गत रहेको व्यवस्थापन



महाशाखा मिलेर काम गरिरहेको डा बुढाथोकीले बताए।

यसका साथै चुनावको समयमा हुने स्वास्थ्य सेवाका लागि सञ्चालन हुने एम्बुलेन्स लगायतका सवारीसाधनको दुरुपयोगको लागि निगरानी समेत मन्त्रालयले गर्न सुरु गरिसकेको डा बुढाथोकीको भनाइ छ।

डा बुढाथोकीले भने 'यसअघिका निर्वाचनहरुमा एम्बुलेन्सको केही दुरुपयोग भएको रिपोर्ट भएको हुँदा यसपटक एम्बुलेन्स सेवाको हामीले निगरानी गरेका छौं।'

यस्तै निर्वाचनको समयमा हुने स्वास्थ्य जोखिमलाई ध्यान राख्दै मन्त्रालयले अबदेखि निर्वाचनका दिनसम्म स्वास्थ्यकर्मीहरूलाई लामो समयसम्म बिदा नबस्न सर्कुलर जारी गरेको समेत डा बुढाथोकीले बताए।

'निर्वाचनको समयमा हुने दुर्घटनाहरुको जोखिम र त्यसका लागि आवश्यक पर्ने आकस्मिकदेखि नियमित स्वास्थ्य सेवाको मध्यनजर राख्दै देशभरका सबैखालका स्वास्थ्यकर्मीलाई लामो बिदा नबस्न समेत आन्तरिक सकुर्लर गरिएको छ, त्यसैले यो समयमा हुने सानादेखि ठूला आकस्मिक स्वास्थ्य सेवाका लागि सवै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरू अलर्ट हुनुहुन्छ' स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ प्रमुख समेत रहेका मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने।

# विश्वकपमा नेपालको सान्त्वना जित

काठमाडौं । आईसीसी टी-२० विश्वकपमा नेपालले सान्त्वना जित हात पारेको छ।

लगातार तीन खेलमा पराजय बेहोरेको नेपालले चौथो खेलमा स्कटल्यान्डलाई ७ विकेटले पराजित गर्‍यो।

साथै टी-२० विश्वकपमा नेपालको यो जित १२ वर्षपछिको पहिलो हो। जितसँगै नेपालले विश्वकप यात्रा पनि टुंग्याएको छ।

यो खेलअगावै दुवै टिम समूह चरणबाट बाहिरिसकेका थिए। यसअघि इंग्ल्यान्ड इटली र वेस्ट इन्डिजसँग नेपाल पराजित भएको थियो।




भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा भएको खेलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको स्कटल्यान्डले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७० रन बनायो।

स्कटल्यान्डका लागि ओपनर माइकल जोन्सले अर्धशतक प्रहार गरे। उनले ४५ बलमा आठ चौका र तीन छक्काको सहयोगमा ७१ रनको योगदान दिएका थिए। त्यस्तै जर्ज मुन्सेले २७ र ब्रान्डन म्याकमुलेनले २५ रन जोडे।

बलिङतर्फ नेपालका सोमपाल कामीले तीन विकेट लिए भने नन्दन यादवले दुई विकेट लिए। त्यस्तै रोहित पौडेल र कुशल भुर्तेलले समान एकरएक विकेट झारे।

नेपालले ४ बल बाँकी छँदै स्कटल्यान्डले दिएको लक्ष्य पूरा गरेको हो। आसिफ सेख र कुशल भुर्तेलले पहिलो विकेटका लागि ७४ रनको साझेदारी गरेका थिए। भुर्तेलले ४३ र आसिफले ३३ रन जोडे। दीपेन्द्रसिंह ऐरीले आक्रमक ब्याटिङ गर्दै अविजित ५० रनको योगदान गरे।

# भोजपुर बस दुर्घटनामा २३ जना सैनिक घाइते

भोजपुर । भोजपुरमा नेपाली सेनाका जवान लिएर जाँदै गरेको बस भोजपुर नगरपालिका र टेम्केमैयुङ गाउँपालिकाको सीमामा दुर्घटनामा परेको छ । दुर्घटनामा सेनाका २३ जना घाइते भएका छन् ।



घाइतेमध्ये ८ जनालाई हेलिकप्टरमार्फत काठमाडौं पठाइएको भोजपुरका प्रमुख जिल्ला अधिकारी राजन पौडेलले बताए ।

बाँकीको भोजपुरमै उपचार भइरहेको पौडेलले जनाए । बसमा स्टाफसहित २६ जना थिए । बस ब्रेक फेल भएर दुर्घटना भएको हुनसक्ने भोजपुरका प्रमुख जिल्ला अधिकारी राजन पौडेलले बताए । निर्वाचनमा खटिएका सेना लिएर गएको बस भोजपुरमा दुर्घटना भएको हो ।

# जनश्रुती महिला साकोसद्वारा सचेतना कार्यक्रम

झापा, फागुन ६ । जनश्रुती महिला बचत तथा ऋण सहकारी संस्था बिर्तामोड ५ को आयोजनामा क्यान्सर र गुप्तरोग सम्बन्धी



एक दिवसीय सचेतना कार्यक्रम बुधवार सम्पन्न भएको छ । आफ्ना सदस्यहरुको स्वास्थ्यलाई ध्यान दिँदै क्यान्सर रोगका बारेमा सचेतना दिन सो कार्यक्रम गरिएको संस्थाले जनाएको छ । कार्यक्रममा समता युथ ग्रुप तथा समता गुप्तरोग स्वास्थ्य सेवा संस्था विराटनगरका राजीव बस्नेत र ट्रमा सेन्टर मंगलवारेका डा. ब्रोमिस बुढाथोकीले सहजीकरण गरेका थिए । सहकारी संस्थाका उपाध्यक्ष विमला चौधरीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव ममता राजवंशीले गरेकी थिइन् ।

समता युथ ग्रुप तथा समता गुप्तरोग स्वास्थ्य सेवा संस्थाको प्राविधिक सहयोग रहेको कार्यक्रममा सहकारी संस्थाका सदस्यहरुको सहभागिता रहेको थियो । विभिन्न सामाजिक कार्यहरु गर्दै आएको जनश्रुती महिला साकोसले यसअघि गत माघ १६ गते निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको व्यवस्थापक शोभा रिमालले जानकारी दिएकी छन् ।

# करार कर्मचारीलाई पनि महँगी भत्ता

काठमाडौँ, फागुन ६ । अब करार सेवाका कर्मचारीले पनि महँगी भत्ता पाउने सुनिश्चित भएको छ । गत भदौ २ गते सर्वोच्च अदालतले करार सेवामा कार्यरत सबै कर्मचारीलाई महँगी भत्ता दिन गरेको आदेशविरुद्ध सरकारले पुनः सर्वोच्च अदालतमा पुनरावेदन गरेको थियो तर अदालतले सोमबार पुनरवलोकनको अनुमति प्रदान गर्न नमिल्ने आदेश दिएसँगै अब करार सेवाका कर्मचारीले पनि महँगी भत्ता पाउने सुनिश्चित भएको हो ।

सर्वोच्च अदालतको संयुक्त इजलासबाट गत भदौ २ गते भएको फैसला न्याय प्रशासन ऐन, २०७३ को दफा ११ मा उल्लिखित कुनै पनि अवस्था विद्यमान रहेको नदेखिँदा पुनरवलोकनको अनुमति प्रदान गर्न मिलेन, कानुनबमोजिम गर्नू भन्ने आदेशमा उल्लेख गरिएको छ । सोमबार महान्यायाधिवक्ताको



कार्यालयले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अर्थ मन्त्रालयलाई फैसलाको आदेशको प्रतिलिपि पठाएको छ ।

एकीकृत सरकारी कर्मचारी सङ्गठनका उपाध्यक्ष श्यामप्रसाद सापकोटाले अब सबै सरकारी सेवामा कार्यरत करार सेवाका कर्मचारीलाई महँगी भत्ता पाउने सुनिश्चित भएको बताउनुभयो । यस विषयमा सङ्गठनका उपाध्यक्ष सापकोटाले दायर गरेको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतको संयुक्त इजलासले भदौ २ गते करार सेवाका कर्मचारीलाई पनि स्थायी कर्मचारी सरह महँगी भत्ता दिनुपर्ने आदेश जारी गरेको थियो ।

सापकोटाले भन्नुभयो, "अब तत्काल करार सेवाका कर्मचारीले पनि स्थायी कर्मचारी सरह मासिक पाँच हजार रुपियाँ महँगी भत्ता पाउँछन् । यसलाई कसैले पनि रोक्न मिल्दैन ।" यसअगाडि मासिक तीन हजार रुपियाँ महँगी भत्ता पाउँदै आएका स्थायी सेवाका कर्मचारीले सरकारले चालु आर्थिक वर्ष २०८२/ ८३ देखि थप दुई हजार महँगी भत्ता वृद्वि गरी अहिले मासिक पाँच हजार रुपियाँ महँगी भत्ता पाउँदै आएका छन् । उक्त महँगी भत्ता करार सेवामा कार्यरत कर्मचारीले भने पाएका थिएनन् ।

# समस्याको समाधान गरेर मात्रै निर्वाचनमा जानुपर्छ : पूर्वराजा शाह

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले मुलुकको राष्ट्रिय समस्याको समाधान गरेर मात्रै निर्वाचनमा जानुपर्ने बताएका छन्। राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा बुधबार एक भिडियो सन्देश जारी गर्दै पूर्वराजा शाहले देश अहिले इतिहासकै दर्दनाक अवस्थामा आइपुगेको दाबी गरेका हुन्। उनले मुलुकमा कुनै द्वन्द्व, अशान्ति र खिचातानी नहोस् भन्ने विषयलाई ध्यानमा राखेर राष्ट्रिय सहमतिमा अवस्थामा आइपरेको छ।' कठिन परिस्थितिमा परेको आजको मुलुकमा परस्पर द्वन्द्व र घृणालाई हटाउनपर्ने उनको भनाई छ। 'प्रजातन्त्रमा राज्य व्यवस्था र प्रक्रिया संवैधानिक मान्यता अनुरुप चल्नु अनिवार्य हो।' शाहले भने, ' प्रजातन्त्रमा प्रतिनिधि छनोटका लागि आवधिक निर्वाचन एक स्वभाविक प्रक्रिया भएता पनि यतिखेरको आम जनभावना यो छ कि मुलुकमा पहिले राष्ट्रिय



अगाडि बढ्नुपर्ने बताए। देशको अस्मिता नै संकटमा परेको अवस्थामा रहेको भन्दै उनले सबै प्रकारका परिवर्तनले नेपाल र नेपालीलाई के दियो भन्ने आत्म समीक्षा गर्नुपर्ने समय अहिले आएको बताए।

शाहले भनेका छन्,'हाम्रो शत्रु विपन्नता र अस्थिरता हो। तर एउटा नेपालीको अर्को नेपालीलाई बैरी ठान्ने अवान्छित संस्कृतिलाई हामीले बढवा दिऔं। जसका कारण देश अहिले इतिहासकै दर्दनाक समस्याको समाधान गरेर मात्र आसन्न निर्वाचन प्रक्रियातर्फ जानु उचित हुने र निर्वाचनपछि कुनै द्वन्द्व, अशान्ति र खिचातानी नहोस् भन्ने विषयलाई ध्यानमा राखेर राष्ट्रिय सहमति र सबैलाई समेट्ने जाने समझदारी बनाएर मात्र निर्वाचनमा जाँदा नै त्यसले सही बाटो समातिन्ने थियो।'

पूर्वराजा शाहले अधिकारमात्र खोज्ने र कर्तव्य नसोच्ने प्रवृति मौलाइरहेको बताए।

# कट्टेल र बाँस्तोलासहित चार जना पक्राउ

काठमाडौं । निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा नेपाल कम्युनिष्ट पार्टीका महासचिव ऋषि कट्टेललाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं



प्रहरी उपरीक्षक रामेश्वर कार्कीले कट्टेललाई बुधवार कीर्तिपुरबाट कट्टेललाई पक्राउ गरिएको जानकारी दिए।

कट्टेलसँगै निर्वाचन विरोधी गतिविधिमा लागेको आरोपमा चार जनालाई पक्राउ गरिएको उनको भनाई छ। उनका अनुसार मंगलबार राति नेपाल कम्युनिष्ट पार्टी (बहुमत) का महासचिव धर्मेन्द्र बाँस्तोला, नेता विष्णुप्रसाद तिमिल्सिना र दुर्गा प्रसाईं समूहका एसपी साहलाई पनि पक्राउ गरिएको छ। उनीहरूले निर्वाचन बहिष्कार गर्ने अभिव्यक्ति दिएका थिए।

नेकपा, नेकपा बहुमतलगायत केही साना दलले निर्वाचन बहिष्कार गर्दै निर्वाचनविरोधी गतिविधि गरिरहेकाले प्रहरीले उनीहरूलाई निगरानीमा राखेको छ।

## महिलालाई...

र सूचना प्रविधिलगायतका क्षेत्रमा सफल हुँदै गएको उनले उदाहरण प्रस्तुत गरे । महिला उद्यमीलाई घरपरिवार र सरकारको साथ सहयोग आवश्यक भएको उनले बताए ।

झापा सुपारी खेतीका लागि उर्वर जिल्ला हो । देशभर उत्पादन हुने सुपारीको ८० प्रतिशत सुपारी झापामा उत्पादन हुन्छ । सुपारी खेतीको विकास र विस्तारका लागि झापामा सरकारी निकायले विभिन्न कार्यक्रम आयोजना गर्दै आएका छन् । जसका कारण पनि पछिल्लो समय सुपारी खेतीतर्फ किसान आकर्षित हुन थालेका छन् ।

संघीय सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत झापामा सुपारी जोन कार्याक्रम सञ्चालन गर्दै आएको छ । झापामा दुई हजार सात सय २१ हेक्टर क्षेत्रफलमा सुपारी उत्पादन हुँदै आएको छ । जसमा दश हजार तीन सय ३९ दशमलव आठ मेट्रिक टन सुपारी उत्पादन हुँदै आएको बताइएको छ ।

# निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुन्छ : गृहमन्त्री अर्याल

गृहमन्त्री तथा नेपाल सरकारका प्रवक्ता ओमप्रकाश अर्यालले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गरेका छन्।

निर्वाचन तयारीको सिलसिलामा आज काठमाडौँको निर्वाचन क्षेत्र नं–३, गोकर्णेश्वर नगरपालिकास्थित सुन्दरीजल क्षेत्रका विभिन्न मतदान केन्द्र तथा



निर्वाचन अधिकृतको कार्यालयको स्थलगत निरीक्षण गर्दै उनले सुरक्षा व्यवस्था र आवश्यक तयारीबारे जानकारी लिए।

निरीक्षणका क्रममा गृहमन्त्री अर्यालले सामाजिक सञ्जालमा आउन सक्ने गलत र मिथ्या सूचना तथा दुष्प्रचारबाट सचेत रहँदै निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सम्बद्ध अधिकारीलाई निर्देशन दिए।

गृह सचिव, काठमाडौँका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुखहरूसहितको टोलीले गोकर्णेश्वर र ओखेनी माविमा रहेका मतदान केन्द्र एवं धापड्याम क्षेत्रको अवलोकन गरेको थियो।

सो अवसरमा निर्वाचन अधिकृतहरूले जनशक्ति व्यवस्थापन, मतदाता शिक्षा र निर्वाचन सामग्री ढुवानीलगायतका तयारी चुस्त रूपमा अघि बढिरहेको जानकारी गराएका थिए।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# प्रचारप्रसारको समयसीमा

**निर्वाचन आयोगले फागुन ४ देखि १८ गतेसम्म निर्वाचनको औपचारिक प्रचारप्रसार गर्ने समयसीमा तोकेको छ । फागुन २१ गते हुने प्रतिनिधि सभाको चुनावका लागि आयोग, सरकार, राजनीतिक दल र सरोकारवाला सबै पक्ष अन्तिम तयारीमा जुटेका छन् । मुलुक निर्वाचनमय बनेको छ । आयोगले जारी गरेको निर्वाचन आचारसंहिता अनुसार फागुन ४ बाट मात्र आमसभा, कोणसभा, जुलुस तथा सामूहिक घरदैलोसहित चुनावी कार्यक्रम गर्न खुला गरिएको हो । यस पटक मतदान हुने दिनभन्दा १७ दिनअघिबाट मात्र सभा, जुलुस गर्न पाउने व्यवस्था गरिएको छ । मतदान भन्दा अगाडि ४८ घण्टाको मौन अवधिमा पनि दलले प्रचारप्रसार गर्न पाउने छैनन् । फागुन १८ गते राति १२ बजेबाट मौन अवधि सुरु भएपछि प्रचारप्रसार बन्द हुने छ । यस पटक राजनीतिक दलले मुख्य प्रचारप्रसारका लागि १५ दिनको समय पाएका छन् । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रचलित कानुन र निर्वाचन आचारसंहिताको अधीनमा रहेर दल र उम्मेदवारले प्रचारप्रसार गर्नेमा आयोग विश्वस्त रहेको बताउनुभएको छ । मुलुकलाई नयाँ निकास दिने निर्वाचन भएकाले मतदातामा उत्साह बढेको छ । मतदाता शिक्षालगायतको तयारीले मतदानको प्रतिशत बढ्ने र बदर मतको प्रतिशत घट्ने अपेक्षा गरिएको छ ।**

**निर्वाचन स्वच्छ, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन आयोगले ६४ बुँदे निर्देशन जारी गरेको छ । यस निर्देशनलाई पूर्ण रूपमा पालना गराएर निर्वाचन स्वच्छ, प्रतिस्पर्धी र मर्यादित बनाउने आयोगको योजना छ । हरेक दल निर्वाचन प्रचारप्रसारका क्रममा मर्यादित र शिष्ट रूपमा प्रस्तुत हुनुपर्ने छ । कुनै पनि मतदातालाई निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुनबमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदान अधिकार प्रयोग गर्नबाट वञ्चित गराउन पाइने छैन । कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने, कुनै किसिमको क्षति पुऱ्याउने, धाकधम्की, डरत्रास देखाउने, कुनै किसिमले लोभलालच देखाउने वा आर्थिक प्रलोभन देखाउने, धर्म भड्काउने वा प्रतिज्ञा गराउने जस्ता काम गरी प्रभावमा पार्नु हुँदैन । निर्वाचनको अवधिभित्र कुनै मतदातालाई निजको मतदान अधिकार प्रयोग गर्न वा नगर्न तथा मतदानको अधिकार प्रयोग गरे वा नगरेबापत उपहार, पुरस्कार, इनाम दिन पाइने छैन । दानदातव्य र बकसका रूपमा नगद वा जिन्सी दिन वा दिन मञ्जुर गर्न वा सार्वजनिक भोजको आयोजना गर्न वा त्यस्तो प्रयोजनका लागि नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्न वा सार्वजनिक भोजमा सहभागी हुन रोक लगाइएको छ । निर्वाचन प्रचारप्रसार गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने काम नगर्न, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता वा प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थामा खलल पार्ने, कुनै धर्म, जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदायबिचको सुसम्बन्धमा खलल पुऱ्याउने कार्य गर्नु हुँदैन ।**




तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# शिक्षामा राजनीति : निषेध होइन, निष्पक्षता



• प्रा.डा. प्रकाशमान श्रेष्ठ

विद्यालय तथा विश्वविद्यालयहरूमा राजनीतीकरण भएर शैक्षिक सुधार हुन सकेन भनेर शिक्षक तथा प्राध्यापकहरूलाई आलोचना र गालीगलौज गरिन्छ। विशेषगरी विश्वविद्यालय तथा अन्य शैक्षिक संस्थामा पदाधिकारीको नियुक्त भएको बेला र विद्यार्थीको परीक्षाका नतिजा प्रकाशन भएपश्चात् शैक्षिक क्षेत्रका कतिपय व्यक्तित्वबाट आउने आलोचना सुन्न वा पढ्न पाइन्छ। जुन आलोचना आआफ्ना ठाउँमा ठीक वा बेठीक होलान्।

तर ती आलोचना आफैंमा पूर्वाग्रही नहोऊन्, ती आलोचना अतिरञ्जित नहोउन। विशेषगरी प्राज्ञहरूले गर्ने आलोचनामा चाहिँ प्राज्ञिकता झल्कियोस्। जनताको भाषामा राजनीतिको अर्थ : 'शिक्षक तथा प्राध्यापकहरू राजनीतिमा लाग्नु हुँदैन र उनीहरूले राजनीति गर्नु हुँदैन', पूर्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको भनाइ हो यो। त्यस्तै, 'राजनीतिक व्यक्तिहरूलाई शैक्षिक संस्थाहरूमा पदाधिकारीमा नियुक्ति दिनु हुँदैन' भन्ने कुरा केही हप्ता अगाडि सामाजिक सञ्जालमा आएको थियो। यी भनाइ ठीक छन् वा छैनन्, बहसको विषय हुनसक्छ। जब कुनै व्यक्ति वा समूहले नागरिक जीवन उकास्ने, समाजको सामाजिक तथा आर्थिक सुधारसम्बन्धी कुरालाई मुलुकको नीति तथा कार्यक्रमसँग जोडेर कुरा गर्छ भने त्यो राजनीति हो र हुनुपर्छ।

राजनीति भनेको राजनीतिक दलसम्बन्धी कुरा सरकारको आलोचना तथा समालोचना मात्र होइन। वास्तवमा राजनीतिक पार्टी तथा सरकारको आलोचना तथा समालोचना पनि नागरिकको दैनिकी जीवन, समाजको आर्थिक तथा सामाजिक रूपान्तरणमा आधारित भएर गर्छन्। त्यसैले हरेक व्यक्तिले राजनीतिक विचार तथा भनाइ व्यक्त गरिरहेको हुन्छ र राजनीतिसँग टाँसिएकै हुन्छ। त्यसैले भनेको हुनुपर्छ- व्यक्ति सामाजिक प्राणीमात्र होइन, ऊ राजनीतिक प्राणी पनि हो।

यस अर्थमा सबै संस्थामा राजनीतीकरण भयो भनेर सामाजिक सञ्जालमा आउने आलोचना पनि राजनीति नै हुन्। शैक्षिक संस्थाहरूमा राजनीतीकरण भएर शैक्षिक सुधार हुन सकेन भनेर सामाजिक सञ्जालमा आउने आलोचना तथा गालीगलौज पनि राजनीति नै हुन्। त्यसैले, समाजमा एउटा किसानले, एउटा व्यापारीले, एउटा विद्यार्थीले, एउटा युवाले दिनहुँ जस्तो राजनीतिक विचार व्यक्त गरिरहेका हुन्छन् भने चेतनाको दृष्टिकोणले समाजका उच्च वर्गमा पर्ने विद्यालय तथा विश्वविद्यालयका शिक्षकहरूले राजनीतिक विचार व्यक्त गर्नु तथा राजनीति गर्नु स्वाभाविक हो।

राजनीति संलग्नताको आधारमा शिक्षकहरूको समूह : राजनीतिक बुझाइ तथा संलग्नताको आधारमा शिक्षकहरूलाई चार समूहहरूमा विभाजन गर्न सकिन्छ।

पहिलो समूह : कुनै निश्चित राजनीतिक दर्शनमा विश्वास गर्छ र त्यही राजनीतिक दर्शनमा आधारित नीति तथा कार्यक्रम र तिनको कार्यन्वयनबाट मात्र हरेक व्यक्ति, समाज तथा मुलुकको विकास हुन्छ भन्ने मान्यता बोक्छन्। यी शिक्षक तथा प्राध्यापकहरू उक्त राजनीतिक दर्शन बोक्ने राजनीतिक दलका सदस्यहरू पनि हुन सक्छन् र उक्त दलप्रति आस्था राख्छन्। कहीँ कतै पदाधिकारीमा नियुक्त भएको खण्डमा कहिलेकाहीँ संस्थाको उद्देश्यलाई बिर्सेर दलकै निर्देशनमा काम गर्न पनि सक्छन्।

दोस्रो समूह : यस समूहका शिक्षक तथा प्राध्यापकहरू पनि पहिलो समूहका जस्तै हुन्छन्। तर कुनै शैक्षिक संस्थामा नियुक्ति भएपछि राजनीतिक दलको कुरालाई स्विकार गर्दैनन्। संस्थाको हितकै लागि काम गर्दछन्। राजनीतिक दलीय स्वार्थभन्दा टाढा बस्छन्। यस्ता शिक्षक तथा प्राध्यापक पनि पदाधिकारीमा नियुक्त भएर राम्रा काम गरेका थिए भन्ने कुरा पनि शैक्षिक कालखण्ड बुझ्ने व्यक्तिलाई थाहा छ।

तेस्रो समूह : यस समूहका शिक्षक तथा प्राध्यापकहरू पनि पहिलो समूहका प्राध्यापक जस्तै कुनै निश्चित राजनीतिक दर्शनमा विश्वास गर्दछन्। तर राजनीतिक दलका सदस्य हुँदैनन्। त्यसैले यी समूहका शिक्षकहरू पनि दलीय राजनीति भन्दा धेरै टाढा बसेका हुन्छन्। अधिकांश शिक्षकहरू यही समूहभित्र पर्छन्।

चौथो समूह : यस समूहका शिक्षकहरूले कुनै निश्चित राजनीतिक दर्शन बोकेका हुँदैनन्। उनीहरूको विचार, गतिविधि राजनीतिक दर्शनमा आधारित हुँदैनन्। उनीहरूको बुझाइ र गराइ कुनै दर्शनमा आधारित हुँदैनन्। तर यी शिक्षक तथा प्राध्यापकहरू पनि राजनीतिक व्यक्तिहरू नै हुन्। किनकि यी शिक्षक तथा प्राध्यापकको पनि समाज तथा मुलुक विकासप्रति आफ्नै सोच तथा चिन्तन हुन्छन्।

राजनीतिक चेतनाबिनाको शिक्षकको अपेक्षा (?) : हिजो तथा आज कार्यरत सम्पूर्ण शिक्षक यी चार समूहभित्र नै पर्छन्। यी सबै शिक्षक राजनीतिक व्यक्ति नै हुन्। यी चार समूह बाहेकका राजनीतिक सोच नभएका शिक्षकहरू हुन्छन् त ? अनि राजनीतिक व्यक्तिलाई कहिँ कतै नियुक्ति दिन हुँदैन भनिन्छ भने राजनीतिक चेतना नभएको व्यक्ति कहाँ खोजिने होला ? के समाजमा राजनीतिक चेतना नभएको व्यक्ति पनि हुन्छ ? उच्चशिक्षा हासिल गरेका शिक्षकहरूसँग राजनीतिक चेतना हुँदैन ? केही समय अगाडि विभिन्न विश्वविद्यालयका उपकुलपति पदका लागि विज्ञापन गरियो, छनोटका निश्चित प्रक्रियाहरूका आधारमा उपकुलपतिहरू नियुक्त पनि भए। के ती नियुक्त भएका व्यक्तिहरू राजनितिक व्यक्ति होइनन् र ? त्यसैले कुनै शैक्षिक संस्थामा नियुक्त हुने जुनसुकै शिक्षक तथा प्राध्यापक होस् ऊ राजनीतिक व्यक्ति नै हो र हुन्छ।

शिक्षा मन्त्रीहरूको भनाइ र अन्तर्राष्ट्रिय अभ्यास : समग्रमा पहिलो समूहमा पर्ने शिक्षक तथा प्राध्यापकहरू छोडेर 'राजनीतिक व्यक्तिलाई नियुक्ति दिन हुँदैन' भन्ने भनाइ सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणले गलत छ र लागू हुन नसक्ने अव्यावहारिक भनाइ हो यो। यस सन्दर्भमा विद्यालय वा विश्वविद्यालयमा कार्यरत कुनै पनि शिक्षक राजनीतिक दलमा सदस्यता रहेको पाइएमा कारबाही गर्ने नीति लागू गर्ने कार्यमा पूर्वशिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठको प्रयास सफल हुन सकेन। त्यस्तै भर्खरै राजीनामा दिएर जानु भएको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले सुरुमा कुनै पनि कार्यरत शिक्षक राजनीतिक पार्टीमा संलग्न रहेको पाइएमा तत्काल कारबाही गर्ने भन्ने कुरा बाहिर आएको थियो। यो पछिल्लो भनाइ अधिकांश युरोपेली मुलुकहरूको कानुन तथा वर्तमान अभ्याससँग मिल्दोजुल्दो छ।

युरोपेली मुलुक फिनल्यान्ड, नर्वे, डेनमार्क, जर्मनी आदिमा विद्यालय तथा विश्वविद्यालयमा कार्यरत शिक्षकहरू कुनै पनि राजनीतिक दलको सदस्य हुन सक्छन् र शैक्षिक संस्थाहरूमा पदाधिकारीको रूपमा नियुक्त हुन पनि कुनै प्रकारको बन्देज छैन। एउटा शिक्षक एउटा नागरिकको रूपमा राजनीतिक दलमा पनि सदस्य हुन पाउने व्यवस्थालाई उनीहरूको मौलिक अधिकारको रूपमा व्याख्या गरिएको छ। तर बन्देज केमा गरिएको छ भने पेसागत कार्यको समयावधिमा उसले राजनीतिक क्रियाकलाप गर्न पाउँदैन। कुनै पनि दलप्रति उसको झुकाव देखाउन पाउने छैन र ऊ निष्पक्ष हुनुपर्छ।

शैक्षिक संस्थाहरूमा निष्पक्ष पदाधिकारीको नियुक्ति : कुनै पनि मुलुकमा कार्यरत शिक्षक राजनीतिक दलको सदस्य हुन सक्ने कानुनी व्यवस्था भए पनि नभए पनि यसको मुख्य उद्देश्य शैक्षिक संस्थाभित्र दलीय राजनीति नहोस् भन्ने हो। नेपालको सन्दर्भमा यो उद्देश्य प्राप्त गर्न शिक्षकले राजनीति गर्न पाउँदैनन् वा राजनीतिक व्यक्ति शैक्षिक संस्थाहरूमा पदाधिकारीको रूपमा नियुक्त गर्नु हुँदैन भन्ने प्रावधान व्यावहारिक देखिँदैन। विश्वका नाम चलेका विश्वविद्यालयहरूमा भएको अभ्यास विश्लेषण गरौं :

कुनै पनि शैक्षिक संस्थाको पदाधिकारी छनोटसम्बन्धी मूल्यांकनका आधारहरू र मापदण्डहरू (जस्तो शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको अनुभव, सेवा-समयावधि, कार्यक्षमता, नेतृत्व क्षमता, अनुसन्धान, कार्यपत्र र लेख, अवधारणा पत्र, व्यावसायिक कार्ययोजना आदि) विशेषज्ञहरूलाई विशिष्ट रूपमा तयार गर्न लगाई सम्बन्धित पदाधिकारी छनोट कार्यविधिमा समावेश गर्ने।

स्वायत्त शैक्षिक संस्थाहरूको लागि पदाधिकारी नियुक्त गर्न सम्बन्धित विषयका विशेषज्ञहरू रहेका सर्च कमिटी गठन गर्ने र सो कमिटीले खुल्ला विज्ञापनमार्फत निवेदन माग गर्ने जुन प्रक्रिया विश्वविद्यालयहरू पदाधिकारीहरू छनोट गर्दा अपनाएका थिए। साथै कमिटी स्वयंले उपयुक्त व्यक्तिहरू पहिचान गरी सूची तयार गर्ने। सूचीकृत गरिएका र खुल्ला विज्ञापनमा निवेदन दिएका सबै उम्मेदवारको आवश्यक कागजातहरू जम्मा गर्ने। क्यानडाको ब्रोक विश्वविद्यालयले यो अभ्यास गर्दै आएको छ।

छनोटका हरेक मापदण्डको अंकन गर्न वस्तुगत अंकन योजना तयार गर्ने, जुन काम अहिले राष्ट्रिय परीक्षा बोर्डले विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षण गराउँदा विशेषज्ञहरूलाई बनाउन लगाउने गरिन्छ। सूचीमा परेका हरेक उम्मेदवारको अंकन योजनाको आधारमा वस्तुगत तरिकाले अंकन गर्ने र उच्चतम अंक प्राप्त गर्ने एक तिहाइ (कम्तीमा ३) उम्मेदवारलाई अन्तर्वार्ताका लागि बोलाउने। अन्तर्वार्तामा उच्चत्तम अंक प्राप्त गर्ने ३ जनाको नाम नियुक्ति गर्ने संस्था र पदाधिकारी कहाँ सिफारिस गरी पठाउने। छनोट भएका उम्मेदवारलाई संस्थाको हितलाई सर्वोपरी राखी निष्पक्ष भएर कुनै राजनीतिक दलको प्रभावमा नपरी काम गर्ने भनी आचारसंहिता तयार गरी शपथ लिन लगाउने।

आचारसंहितालाई पालना गरेको नपाइएमा नियुक्ति दिने संस्थाले हटाउन सक्ने व्यवस्था गर्ने। अपूबाट

# बजेटको वास्तविक आकार



• गोपीनाथ मैनाली

सरकारका सबै नीति कार्यक्रम वास्तविक हुनु पर्छ । नीति कार्यक्रम वास्तविक बन्नु भनेको सामाजिक वास्तविकतामा रहनु हो । समाजका वस्तुगत आवश्यकता, भोगिरहेका समस्या र सम्भावनाबाट नीति कायक्रम टाढिए त्यसले समाजमा निराशा र आक्रोश जन्माउँछ । बजेट सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण संयन्त्र भएकाले यो सामाजिक वास्तविकता र कार्यान्वयन योग्यताबाट कत्ति पनि टाढा रहनु हुँदैन । नेपालको सन्दर्भमा भन्दा मुलुकमा व्याप्त बेरोजगारी र गरिबीको अन्त्य, सर्वसाधारणका दैनिकीसँग सरोकार राख्ने सार्वजनिक सेवा व्यवस्थापन, आर्थिक वृद्धि र प्रादेशिक सन्तुलन बजेटले सम्बोधन गर्नुपर्ने प्रमुख मुद्दा हुन् ।

नेपालको बजेटले लामो समयदेखि कसरी वास्तविक बनाउने भन्ने चुनौती खेप्दै आएको छ । बजेटलाई वास्तविक बनाउने कुरा यसको आकारबाट सुरु हुन्छ । त्यही आकारले नीति कार्यक्रमलाई समर्थन गर्ने हुन् । बजेटको आकार निर्धारण, सीमा वितरण र मार्गदर्शन तयारीमा व्यावसायिकता नदेखिएकाले बजेटको घोषित रूप र वास्तविक आकारमा ठुलो खाडल रहँदै आएको छ । केही वर्षको बजेट विश्लेषण गर्दा सो स्पष्ट देखिन्छ । आर्थिक वर्ष २०७८/७९ को अध्यादेशबाट जारी बजेटको आकार १,६४८ अर्ब रुपियाँको थियो । प्रतिस्थापन विधेयकमा नीति परिवर्तन नगरिकन १६ अर्ब घटाइ १,६३२ अर्ब रुपियाँ कायम गरियो । मध्यावधि समीक्षाका समयमा फेरि करिब ८६ अर्ब रुपियाँ घटाइयो र वास्तविक कार्यान्वयनमा १,४०० अर्ब रुपियाँको हाराहारीमा रह्यो । आव २०७९/८० को बजेटको आकार १,७९३ अर्ब रुपियाँको थियो । मध्यावधि समीक्षामा यसको आकार पनि तीन सय अर्ब रुपियाँभन्दा बढी घटाइयो । आव २०८०/८१ का लागि १,७५१ अर्ब रुपियाँको बजेट तर्जुमा गरिएको थियो, जसलाई मध्यावधि समीक्षाका समयमा करिब २२५ अर्ब रुपियाँ घटाइयो । गत आव २०८१/८२ को बजेट १,८६० अर्ब रुपियाँ थियो । यसलाई पनि मध्यावधि समीक्षामा करिब १६७ अर्ब रुपियाँ घटाइयो । कार्यान्वयनमा १,५२५ अर्ब रुपियाँ जति मात्र कायम भयो । चालु आव १,९६४ अर्ब रुपियाँको बजेट तर्जुमा गरिएकोमा मध्यावधि समीक्षामा यसको आकार पनि १४.०४ प्रतिशतले घटाइएको छ । कतिपय आवमा आफैँले प्रस्तुत गरेको बजेटलाई अर्थमन्त्रीले मध्यावधि समीक्षामा आफैँले अवास्तविक रहेछ भनी आलोचना गरेको समेत देखियो । पाँच वर्षको बजेटको आकार विश्लेषण गर्दा बजेट व्यवस्थापनमा आमूल परिवर्तनको माग गर्छ । बजेट तर्जुमाको संयन्त्र उही, पदाधिकारी पनि उही र बजेट कार्यान्वय गर्ने संयन्त्र र पदाधिकारी पनि उही भएर पनि बजेट स्रोत परिचालन र खर्च व्यवस्थापन दुवै पाटामा कमजोर रहनु भनेको गम्भीर कुरा हो ।

संसद्ले पारित गरेको बजेट मन्त्रीले घटाउन हुन्छ कि हुन्न, बहसको विषय हो तर विगत केही वर्षदेखि मध्यावधि समीक्षाका बखत बजेट संशोधन गर्ने परिपाटी बसेको छ । विगतमा संसद्मा बजेट प्रस्तुत गर्ने समय असारको अन्तिम हप्तामा हुन्थ्यो । संसदीय छलफल भई बजेट अनुमोदन हुँदा झन्डै पहिलो चौमासिक बित्ने अवस्था पनि हुन्थ्यो तर नेपालको संविधान जारी भएपछि यो स्थिति छैन । जेठ १५ गते नै संसद्मा बजेट प्रस्तुत हुन्छ । त्यसभन्दा अघि संसदीय राय परामर्शका लागि प्रतिनिधि सभामा बजेटका नीति तथा प्राथमिकता प्रस्तुत हुन्छ । आव लागु हुनुपूर्व नै बजेटले संसदीय स्वीकृति पाइसकेको हुन्छ र आव सुरु भएको पहिलो दिनबाट कार्यान्वयनमा जान्छ । नेपालमा कार्यकारी बजेट प्रचलनमा रहेकाले सरकारले जे प्रस्तुत गर्छ, त्यही अनुमोदित हुन्छ । संसद्ले अङ्क तलमाथि गर्दैन । यस अर्थमा बजेट कार्यान्वयनको तयारी जेठबाटै गर्न सकिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले बजेट पारित भएपछि स्वतः अख्तियारी भएको मानिने र कार्यक्रम पनि स्वीकृत भएको मानिने प्रचलनका कारण कार्यान्वयनमा विलम्ब हुन नआउनुपर्ने हो । साथै सरकारले आव २०७५/७६ बाट सुरु गरेको कार्यसम्पदन सम्झौताले बजेट कार्यान्वयनको समय तालिका समेत उल्लेख गर्दछ । यी व्यवस्था भए पनि बजेट न राजस्वको लक्ष्य भेट्टाउन पुग्छ न खर्चको नै ।

बजेट अवास्तविक हुनु भनेको राजस्वको अनुमान, अनुदान र ऋणको अनुमान त अवास्तविक हुँदै हो, खर्चको पक्षमा कार्यक्रमको प्रस्तावको अनुमान पनि अवास्तविक हुनु हो । शिरोभार खर्च, वित्तीय व्यवस्था, पेन्सन तथा सामाजिक सुरक्षा खर्च घट्दैनन् । तिनका लागि खासै अनुमानको सामर्थ्य पनि चाहिँदैन । सङ्घीयता कार्यान्वयनपछि प्रदेश तथा स्थानीय सरकारलाई जाने वित्तीय समानीकरण अनुदानलगायतका हस्तान्तरण पनि घटाउन सकिने स्थिति रहँदैन । यस अवस्थामा मार पर्ने भनेको पुँजीगत विनियोजनमा नै हो तर कार्यक्रम प्रस्ताव अपरिपक्व हुँदा पुँजीगत खर्चको अनुमान र वास्तविकताबिच अन्तर देखिन्छ । केही दिनअघि अर्थमन्त्री रामेश्वर खनालले पूर्व अर्थमन्त्री विष्णु पौडेलले ल्याएको बजेट खर्च गर्न नसकिने भन्दै संसद्ले पारित गरेको बजेट १,९६४ अर्ब ११ करोडबाट २७५ अर्ब ७८ करोड रुपियाँ घटाउनु भयो । हरेक वर्ष कार्यान्वयन हुन नसक्ने बजेट किन बन्छ भन्ने विषयमा गहिरो अध्ययन गरिएको छैन । राजनीतिक कार्यकारी बजेटको आकार ठुलो बनाउने र राजस्व परिचालनलाई प्रभाव पार्ने गरी निर्णय हुँदै आएका छन् । वित्त नीति आर्थिक नीतिको अन्तर्यलाई अन्तरबोध गर्ने गरी निर्धारण नगर्नु र राजस्व सङ्कलन केन्द्रमा राजनीतिक प्रभावका आधारमा कर्मचारी व्यवस्था गर्नु राजनीतिक कार्यकारीको अर्को प्रवृत्ति छ । परिणामतः राजस्वको ठुलो आकार अहिले पनि भूमिगत छ । सार्वजनिक खर्च पुनरवोलकन प्रतिवेदनले नै चालिस प्रतिशत आर्थिक गतिविधि छाया अर्थतन्त्रमा देखाएको छ । यस अवस्थामा संस्थागत सम्झना, अनुभव र क्षमता भएको कर्मचारीतन्त्रले राजनीतिक कार्यकारीलाई सल्लाह दिन र सचेत गराउन सक्नुपर्ने थियो । चालु आवको बजेट १,६५० अर्ब रुपियाँभन्दा माथि बन्नु हुँदैन भन्ने विज्ञहरूको सल्लाह ठिकै थियो, जसलाई राजनीतिक कार्यकारी र प्रशासन दुवैले किन त्यसो भनियो भन्ने विश्लेषण गरेनन् । कर्मचारीतन्त्र व्यावसायिक सदाचारितामा रहेर राजनीतिक कार्यकारीलाई सल्लाह दिन सकिरहेका छैनन् । अर्को पक्ष वैदेशिक अनुदान र ऋण परिचालनको क्षमता साँघुरिँदै गएको छ । पछिल्ला पाँच वर्षको बजेट विश्लेषण गर्दा बाह्य अनुदान लगातार घट्दै गएको छ, ऋण प्रशोचन क्षमता पनि घट्दो छ । आन्तरिक ऋण बढ्दै गएको छ । सरकारको विकास साझेदारसँगको संवाद क्षमता सुधार हुन नसकेकाले धेरैजसो अनुदान सरकारको नीति, प्राथमिकता र बजेटभन्दा बाहिर छन् । विकास साझेदार आफ्नै प्राथमिकताबाट पर छन्, जसलाई जवाफदेही बनाउन पनि नीति सामर्थ्य चाहिन्छ । नयाँ साझेदारहरूको खोजी गर्न सकिएको छैन । यी कारण बजेट जत्रो बन्नुपर्ने त्यत्रो पनि बन्ने गरेको छैन र बनेको बजेटको कार्यान्वयन पनि असी प्रतिशतभन्दा तल छ ।

बजेटको पुँजीगत विनियोजनलाई प्रभाव पार्ने पक्ष विनियोजनका सिद्धान्त र कठोर वित्तीय अनुशासन हो । नवौँ योजनाबाट खर्च व्यवस्थापन प्रभावकारी बनाउने एउटा संयन्त्रका रूपमा विनियोजन कुशलतालाई स्विकारिएको थियो । दसौँ योजना अवधिमा विनियोजन कुशलता लागु गर्न आयोजनाको प्रथमिकीकरण र मध्यमकालीन खर्च खाकालाई अपनाउन सुरु गरियो । तेऱ्हौँ योजनाबाट क्षेत्रगत विनियोजन न्यायका लागि बजेट कोडिङ गर्ने सिद्धान्तलाई सरकारले अभ्यासमा ल्याउने निर्णय गऱ्यो । लैङ्गिक तथा जलवायु परिवर्तन कोड र रणनीतिक कोडका वस्तुगत आधार पनि स्थापना गरियो । पन्ध्रौँ योजनाबाट टुक्रे आयोजना घटाउन र आयोजना प्रस्ताव वस्तुनिष्ठ बनाउन आयोजना बैङ्कलाई अनिवार्य गरियो तर वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा विनियोजनका आधारलाई कहिल्यै पनि अपनाइएन । यसले बजेट भनेको क्षेत्रगत र प्रादेशिक न्याय गर्ने विषय हो भन्ने बुझाइ बजेट बनाउने पात्रमा बोध नै भएन । आयोजना बैङ्क आशय अनुरूप बनेनन् । नीति प्रभावीको जिल्लामा विनियोजनले प्राथमिकता पायो । साथै मध्यमकालीन खर्च संरचना र बजेट कोडिङ वस्तुगत सूचकका आधारमा नगरी औपचारिकतामा लिइयो । परिणामतः बजेटले वित्तीय अनुशासन र विनियोजन न्यायलाई उपेक्षा गर्दै गएको छ । सङ्घीय बजेटमा रहेको कमजोर वित्तीय अनुशासनको छाया स्थानीय तथा प्रदेश सरकारमा पनि देखिएको छ । बजेट तर्जुमा गर्दा क्रियाकलापको लागत समावेश गरेर बजेट व्यवस्थापन सूचना प्रणालीमा समावेश नगर्नु, अबन्डामा रकम राख्नु, खर्च सामर्थ्य बाहिर रहेर खर्च गर्नु तथा वर्षान्तमा रकमान्तर गरेर खर्च गर्ने प्रवृत्ति प्रदेश तथा स्थानीय सरकारसम्म पुगेको छ । स्थानीय तहहरूमा उपभोक्ता समितिको विकृति, कार्यविधि नबनाइकन आर्थिक सहायता वितरण र मापदण्ड विपरीत खर्चका विकृति फैलिएका छन् । तिनै तहको सरकारले ध्यान नदिएको अर्को विषय पुँजीगत र चालु खर्चको सीमा हो । यसको अनुपात निर्धारण गरेर बजेटलाई जनताको दैनिकीसम्म पुऱ्याउने काममा तहगत सरकारले ध्यान दिनु जरुरी छ । गोपबाट

# सीमापार विद्युत् परियोजनामा लिट्मस् इन्डस्ट्रिजलाई स्वीकृति

काठमाडौं । नेपालको तार, केबल तथा कन्डक्टर उत्पादन गर्ने सबैभन्दा ठूलो उद्योग लिट्मस् इन्डस्ट्रिज लिमिटेडले भारतको पावर ग्रिड कर्पोरेशन अफ इन्डिया (पीजीसीआईएल) बाट उच्च क्षमताको विद्युत् प्रसारण लाइन आपूर्ति सम्बन्धी महत्वपूर्ण सम्झौता हासिल गरेको छापीजीसीआईएल भारतको केन्द्रीय विद्युत् प्रसारण निकाय हो, जसले देशको अन्तरराज्यीय तथा सीमापार विद्युत् प्रसारण सञ्जाल सञ्चालन गर्छ। यस स्वीकृतिसँगै लिट्मस् इन्डस्ट्रिज सीमापार विद्युत् प्रसारण परियोजनाका लागि चयन हुने एकमात्र नेपाली उत्पादक बनेको छ।




सम्झौता अनुसार लिट्मस् इन्डस्ट्रिजले ४०० केभीए सीएसआर मूस कन्डक्टर २,७९९ किलोमिटर उत्पादन तथा आपूर्ति गर्नेछ। यी कन्डक्टरहरू नेपालको डिडिङ्ग-ढल्केबरर भारतको बथनाहा सीमापार विद्युत् प्रसारण लाइन परियोजनामा प्रयोग गरिनेछ। उक्त प्रसारण लाइन९०० मेगावाट क्षमताको अरुण-३ जलविद्युत् आयोजनासँग सम्बन्धित छ। नेपालमै पहिलो पटक ४०० केभीए सीएसआर मूस कन्डक्टर उत्पादन हुन लागेको हो। यसले देशको प्राविधिक तथा औद्योगिक क्षमतामा महत्वपूर्ण उपलब्धि हासिल गर्दछ।

परियोजना स्वीकृत गर्नु अघि पावर ग्रिड कर्पोरेशन अफ इन्डियाले लिट्मस् इन्डस्ट्रिजको कारखानाको गहन मूल्याङ्कन गरेको थियो। यस क्रममा उत्पादन प्रक्रिया, उत्पादन क्षमता, गुणस्तर नियन्त्रण तथा परीक्षण प्रणाली, साथै समग्र कारखाना पूर्वाधारको समीक्षा गरिएको थियो। यस गहन मूल्याङ्कनपछि लिट्मस् इन्डस्ट्रिजलाई परियोजनाका लागि कन्डक्टर आपूर्ति गर्न योग्य एकमात्र नेपाली उत्पादकका रूपमा स्वीकृति प्रदान गरिएको हो।यसरी लिट्मसले अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सामेल भएर छनोट हुनु नेपालको लागि गौरवको विषय हो।

ढल्केबर-बथनाहा प्रसारण लाइन नेपालका महत्वपूर्ण ऊर्जा आयोजनामध्ये एक अरुण-३ जलविद्युत् आयोजनासँग सम्बन्धित मुख्य सीमापार संयोजन हो। ९०० मेगावाट क्षमताको यो आयोजनाले नेपालको ऊर्जा सुरक्षालाई सुदृढ बनाउने अपेक्षा गरिएको छ। यसले औद्योगिक विकासलाई सहयोग गर्ने र नेपाल-भारतबीचको विद्युत् व्यापार विस्तार गर्ने विश्वास गरिएको छ।

लिट्मस् इन्डस्ट्रिजसँग ठूला प्रसारण परियोजनामा काम गरेको प्रमाणित अनुभव छ। यसअघि कम्पनीले हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन परियोजनाका लागि नेपाल विद्युत् प्राधिकरणलाई ४०० केभीए सीएसआर मूस कन्डक्टर ३,६०० किलोमिटर आपूर्ति गरिसकेको छ। यो परियोजना नेपालका अत्यन्तै महत्वपूर्ण आन्तरिक प्रसारण मार्गहरूमध्ये एक हो।

हाल प्राप्त स्वीकृतिले लिट्मस् इन्डस्ट्रिजलाई विश्वसनीय अन्तराष्ट्रियआपूर्तिकर्ताका रूपमा स्थापित गरेको छ। यसले नेपाली उद्योगको विस्तार हुँदै गएको भूमिका उजागर गर्छ। साथै, सीमापार ऊर्जा पूर्वाधार विकासमा नेपालको सहभागिता सशक्त बन्दै गएको संकेत पनि दिन्छ।

कम्पनीको बारेमा

लिट्मस् इन्डस्ट्रिज लिमिटेड, रमेश कर्प समूह अन्तर्गतको उद्योग, सन् १९७७ देखि चार दशकभन्दा बढी समयदेखि नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादन गर्दै आएको अग्रणी उद्योग हो। कम्पनीले औद्योगिक तथा पूर्वाधार विकास परियोजनाका लागि मध्यम भोल्टेज एक्सएलपीई आवरणयुक्त कन्डक्टर, एसीएसआर कन्डक्टर, एरियल बन्च्ड केबल, न्यून भोल्टेज पावर केबल तथा कन्ट्रोल केबल पनि उत्पादन गर्दै आएको छ। यसका साथै लिट्मस् इन्डस्ट्रिजले घरायसी विद्युत् जडानका लागि लिट्मस् केबल्स, जसमा एफआरएलएस केबल र इकोवायर-जेडएच हलोजनरहित तार समावेश छन्, उत्पादन तथा आपूर्ति गर्दछाकम्पनीले बुटवल र नवलपरासीमा अवस्थित दुई अत्याधुनिक उत्पादन केन्द्रहरू सञ्चालन गरिरहेको छ, जसमा नेपालमै पहिलो पटक स्थापना गरिएको एल्युमिनियम रड उत्पादन प्लान्ट पनि समावेश छ। लिट्मस् इन्डस्ट्रिजले आफ्ना सबै उत्पादन तथा प्रक्रिया राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर र सुरक्षा मापदण्ड अनुसार सञ्चालन गर्दै आएको छ।

# सहारा क्लब 'आहा रारा पोखरा गोल्डकप'को फाइनलमा

आयोजक सहारा क्लब पोखरामा जारी राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकपको फाइनलमा पुगेको छ।

पोखरा रङ्गशालामा आज सम्पन्न पहिलो सेमिफाइनल खेलमा छ पटकका च्याम्पियन टोली मनाङ मस्र्याङदी क्लबलाई 'सडन डेथ'मा पराजित गर्दै सहारा फाइनलमा पुगेको हो।

खेलको नियमित ९० मिनेट र अतिरिक्त ३० मिनेटको समयमा समेत दुबै टोलीबाट गोल हुन नसकेपछि खेल टाइब्रेकरमा पुगेको थियो। पेनाल्टी सुटआउटमा पाँच/पाँच गोल भएपछि खेल सडन डेथमा पुग्यो।

मनाङका कप्तान सविन श्रेष्ठको प्रहार सहाराका गोलकिपर टिकेन्द्र थापाले रोकेपछि सहारा नौ वर्षपछि आहा राराको फाइनलमा पुग्न सफल भएको हो। टाइब्रेकरमा सहाराका कप्तान सुशील लामा, विक्की चामलिङ राई, आशिष गुरुङ, मुकुन्दकुमार न्यूरे, शिसश थापा, विनय तामाङ र प्रशन्न श्रेष्ठले गोल गरे। यसैगरी मनाङका अशिष श्रेष्ठ, गिदोन नोआ क्यारेमेह, रोनिश राजवक, दीपेश गुरुङ, ज्ञानबहादुर पुलामी र नवराज गुरुङले गोल गरे।

सहारा अन्तिम पटक विसं २०७३ मा फाइनल पुगेको थियो। त्यसबेला फाइनलमा मनाङसँगै सहारा पराजित भएको थियो। त्यसयता सहारा फाइनल पुग्न सकेको थिएन।

प्रतियोगिताको दोस्रो सेमिफाइनलको खेलमा बिहीवार जावलाखेल युथ क्लब र पाहुना टोली उज्वेकिस्तानको आभा फुटबल क्लबकाबीच फाइनल प्रवेशका लागि प्रतिस्पर्धा हुने आयोजक सहारा क्लबले जनाएको छ। गत माघ २७ गतेदेखि सुरु भएको प्रतियोगिताको फाइनल खेल यही फागुन ९ गते शनिवार हुनेछ।

प्रतियोगिताको च्याम्पियन टोलीले १४ लाख एक हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने र उपविजेता टोलीले सात लाख एक हजारसहित ट्रफी र मेडल प्राप्त गर्ने आयोजकले जनाएको छ।

त्यसैगरी सर्वोत्कृष्ट खेलाडीले स्कुटर प्राप्त गर्ने र अन्य पाँच विधामा उत्कृष्ट हुनेले जनही २५ हजार र ट्रफी पुरस्कार पाउने छन्।

# फागुन मसान्तभित्र नयाँ पाठ्यपुस्तक छपाइ सकिने

काठमाडौं । आगामी नयाँ शैक्षिक सत्र(२०८३)को लागि चाहिने नयाँ पाठ्यपुस्तक छपाइ अन्तिम चरणमा पुगेको छ। सरकारको स्वामित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समयमै पाठ्यपुस्तक छपाइ सक्ने लक्ष्यसहित यतिखेर धमाधम पुस्तक छाप्दै आएको जनाएको छ।

मतपत्र छपाइका वेला पनि पाठ्यपुस्तक छपाइ नरोकेको जनक शिक्षाले जनाएको छ। जनक शिक्षाले २१ फागुनमा हुने 'प्रतिनिधिसभा'निर्वाचनका लागि मतपत्र छपाइको काम सोमबार साँझबाट सकाएको छ। ४२ दिनको कार्यतालिका लिएर छपाइ सुरू गरिएकोमा ४० दिनमै सम्पन्न गरिएको जनक शिक्षाले जनाएको छ।




जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले अब ५ प्रतिशतमात्रै नयाँ पाठ्यपुस्तक छाप्न बाँकी रहेको र अरू सबै छापिसकेको जानकारी दिए। उनका अनुसार आगामी नयाँ शैक्षिक सत्रका लागि एक करोड ८० लाख थान नयाँ पाठ्यपुस्तक छाप्नुपर्ने छ।

गत वर्ष १ करोड ७० लाख थान नयाँ पुस्तक छाप्नुपर्ने अनुमति जनक शिक्षाले पाएको थियो। त्यस्तै, जनक शिक्षाले २०८० सालको शैक्षिक सत्रका लागि १ करोड ५० लाख थान, २०८१ का लागि १ करोड ७४ लाख थान छाप्ने अनुमति पाएको थियो।

हाल कक्षा १, २ र ४ को पाठ्यपुस्तक निजी प्रेसले छाप्छ भने ३ र पाँचदेखि १२ कक्षासम्मको पुस्तक भने जनक शिक्षाले छाप्ने छ। केन्द्रले गत पुससम्ममै एक करोड ४० लाख थान पुस्तक छपाइ सकाएको थियो।

उनले भने,'मतपत्र छपाइले कुनै असर गरेन, किनभने मतपत्र र पाठ्यपुस्तक छाप्ने छुट्टाछुट्टै मेसिन छ,त्यहीअनुसार जनशक्ति पनि केन्द्रमा छ,धेरै छापिसक्यो अब ५-७ प्रतिशतमात्रै पुस्तक छाप्न बाँकी छ।'

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक पौडेलले बाँकी नयाँ पाठ्यपुस्तक यही फागुन मसान्तभित्र छापिसक्ने गरि छपाइको काम भइरहेको जानकारी दिए। 'पुस्तक छपाइमा कुनै समस्या छैन,अहिले पनि दैनिक ४० हजार थान पुस्तक छपाइ हुन्छ,अब बाँकी पुस्तक छपाइ फागुन मसान्तभित्र सक्छौं'उनले भने ।

उनका अनुसार छपाइ सकिएलगत्तै सम्बन्धित ठाउँमा पुस्तक पठाइने छ। नयाँ शैक्षिक सत्र पनि नजिकिदै छ। सरकारले वर्षेनि वैशाख १ बाट नै झण्डै एक महिना नयाँ भर्ना अभियान सञ्चालन गरेर नयाँ शैक्षिक सत्र सुरु गर्दै आएको छ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक पौडेलले यसपालिको नयाँ शैक्षिक सत्रमा पनि समयमै विद्यार्थीहरूको हातहातमा नयाँ पाठ्यपुस्तक पुग्ने बताए। उनले भने, 'यसपाली पनि समयमै सम्बन्धित ठाउँमा पुस्तक पुऱ्याउने छौं, शैक्षिक सत्र सुरू हुनुभन्दा अगाडि नै विद्यार्थीहरूले पुस्तक पाउने छन्।'

उनका अनुसार यहाँ पुस्तक छापेपछि जनक शिक्षाका केन्द्रीय कार्यालय बजार व्यवस्था विभाग, कोशी प्रदेशको कार्यालय विराटनगर, मधेश प्रदेश कार्यालय जनकपुर, बागमती प्रदेश कार्यालय भरतपुर, गण्डकी प्रदेश कार्यालय पोखरामा पठाउने गरिएको छ।

यस्तै, कर्णाली प्रदेश कार्यालय सुर्खेत, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी र प्रादेशिक प्रेस नेपालगञ्जमा पुस्तक पठाउने गरिएको छ र त्यहाँबाट पुस्तक वितरण गरिनेछ। २०७९ अघिसम्म वर्षेनि समयमा नयाँ पाठ्यपुस्तक छाप्न ढिलाइ र सम्बन्धित ठाउँमा नपुग्ने समस्या दोहोरिइरहेको थियो। शैक्षिक सत्र सुरु भएको पाँच,६ महिनासम्म पनि विद्यार्थीहरूको हातमा पुस्तक नपुग्ने समस्या थियो। त्यही कारण सरकारको चर्को आलोचना हुन्थ्यो। तर २०८० को शैक्षिक सत्रदेखि सम्बन्धित ठाउँमा समयमै पुस्तक पुग्न थालेको छ।

# कक्षा १२ को परीक्षा वैशाख १४ गतेदेखि सुरु हुने

भक्तपुर । आगामी वैशाख १४ गतेदेखि यस वर्षको कक्षा १२ को परीक्षा सुरु हुने भएको छ।

राष्ट्रिय परीक्षा बोर्डले परीक्षाको साधारण, परम्परागत र प्राविधिक विषय समूह तर्फका नयाँ तथा पुरानो पाठ्यक्रम एवं ग्रेड वृद्धि परीक्षाको तालिका सार्वजनिक गरेको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए।

परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुनेछ। परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको नयाँ र पुरानो कोर्स तथा ग्रेड वृद्धिको परीक्षा हुनेछ। सोही दिन नयाँ कोर्सको संस्कृत रचना, बौद्ध शिक्षा र उर्दू व्याकरण तथा पुरानो कोर्सको अनिवार्य वैकल्पिक संस्कृत रचनाको पनि परीक्षा हुने कार्यतालिकामा उल्लेख छ।

वैशाख २७ गते सम्पन्न हुने परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि बोर्डले पुनः अर्को परीक्षाको व्यवस्था भने नगरिने बोर्डले जनाएको छ। परीक्षाको तालिकाभित्र कुनै आकस्मिक बिदा परेमा परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाबिना परीक्षा स्थगित नगरिने उनले जानकारी दिए।

यसवर्ष कक्षा १२ मा नियमित तर्फ तीन लाख ६० हजार परीक्षार्थी सहभागी हुने जानकारी दिए। गत वर्ष कक्षा १२ मा नियमिततर्फ तीन लाख ९६ हजार ३४७ र आंशिकतर्फ एक लाख १४ हजार ६४० विद्यार्थी परीक्षामा सहभागी थिए।गतवर्ष कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि सुरु भई जेठ २ गते सम्पन्न भएको थियो।

# सभापति थापाले गरे कांग्रेसको प्रतिज्ञापत्र सार्वजनिक

काठमाडौं । कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको प्रतिज्ञापत्र सार्वजनिक गरेका छन् । सभापति थापाले बुधबार जनकपुरमा आयोजित प्रतिज्ञासभामा पार्टीको घोषणापत्रको रुपमा रहेको प्रतिज्ञापत्रको संक्षिप्त अंश सार्वजनिक गरेका हुन् ।

प्रतिज्ञापत्रको विस्तृत अंश भने बिहीबार राष्ट्रिय सभागृहमा हुने आयोजित कार्यक्रममा सार्वजनिक गरिने भएको छ । साथै उक्त कार्यक्रममा घोषणापत्रमाथि उठेका प्रश्नहरूको जवाफ सभापति थापाले दिने कार्यक्रम छ ।



कांग्रेसले १० बुँदे संक्षिप्त प्रतिज्ञापत्र सार्वजनिक गरेको हो । जसमा सम्मानित भएर बाँच्ने नेपाल, सपना देख्न सक्ने नेपाल, सम्पत्ति र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने नेपाल, पेटभरी खुवाउने, देशलाई चिनाउने किसानको नेपाल, ओखती र ओत दिने नेपाल, छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल, बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल, मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल, विश्वले सम्मान गर्ने स्वभावीमानी नेपाल र समुन्नतिमा लम्कने नेपाल बुँदा समावेश छन् ।

जात, धर्म, वर्ण, लिंग, वर्ग वा भूगोलको आधारमा सृजना भएका छुवाछुत, विभेद र अवरोधलाई भत्काउने संकल्प कांग्रेसले गरेको छ । यस्तै, विदेशिएका नेपालीलाई फर्कन रहर लाग्ने र स्वदेशमा रहेकालाई यहीं सुनौलो भविष्य देखिने जीवन्त देश बनाउने, राज्यले पारदर्शी र वैध नाफा आर्जनलाई प्रोत्साहित गर्ने तर अवैध तरिकाले सम्पति थुपार्ने र उपभोग गर्ने प्रवृतिलाई निर्ममतापूर्वक नियन्त्रण गर्ने संकल्प गरेको छ । आर्थिक स्वच्छता र सदाचारलाई संस्कृतिकै रुपमा अघि बढाउने काम राजनीतिक नेतृत्वले गर्ने प्रतिज्ञापत्रमा उल्लेख छ ।

राज्यले सिंचाई र रासायनिक मलको अभाव अन्त्य गर्दै, बिमा र भुक्तानीका सास्ती हटाएर बजार र मूल्य सुनिश्चित गर्ने र नेपालको उत्पादनलाई विश्व बजारमा ब्राण्ड बनाउने कृषि उद्यमीलाई राज्यले हरेक पाइलामा साथ दिने नीति बनाउने कांग्रेसको प्रतिबद्धता छ । त्यस्तै, स्वास्थ्य क्षेत्रमा राज्यले परोपकार नभएर उपचार नागरिकको मौलिक अधिकार भन्ने मान्यतालाई स्थापित गर्ने उद्घोष गरेको छ । 'नेपालीलाई औषधि र अस्पतालको ओत दिनु राज्यको प्रमुख कर्तव्य हुनेछ, विकसित देशको उन्नत स्तरको उन्नत स्वास्थ्य बिमा प्रणालीमार्फत राज्यले यो जिम्मेवारी पूरा गर्नेछ,' कांग्रेसको सार्वजनिक प्रतिज्ञापत्रमा भनिएको छ। आर्थिक अभावका कारण कोही पनि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट बन्चित नहुने, निमुखालाई ऐन र ठुलालाई चैन हुने विभेदकारी अवस्थाको अन्त्य गर्ने, अदालत, संवैधानिक निकाय, प्रहरी, विश्वविद्यालयलगायतका राज्यका सब संस्थाहरूमा दलीयकरण अन्त्य गर्ने, राज्यका हरेक सेवामा प्रविधिको उच्चतम प्रयोग गर्दै डिजिटिल नेपालको अवधारणा साकार पार्ने, नेपालका सबै विविधिता र विशिष्टताहरूको सम्मान गर्ने कांग्रेसको संकल्प छ ।

छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्ध समानता र आपसी सम्मानमा आधारित हुने र यस्तो सम्मानलाई पारस्परिक हित र आर्थिक साझेदारीको आधारमा अगाडि बढाउने कांग्रेसको प्रतिज्ञा छ । खुला अर्थतन्त्र, प्रतिस्पर्धी, प्रविधिमैत्री र पर्यावरणमैत्री विकासबाट हिमाल, नदी, वनजंगल र जस्ता अमूल्य प्राकृतिक सम्पदाहरू भावी पुस्ताका लागि सुरक्षित राख्ने र देश निर्माणको अभियानमा सबै जात, जाति, धर्म, वर्ग, भूगोल र समुदायको सम्मानजनक सहभागिता गराउने प्रतिज्ञा कांग्रेसको छ ।

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ